स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानसँग सम्बन्धित रहेको भनिएको फिल्म "काला हिरण: द ब्याटल फर लिगेसी" फेरि समाचारमा छ। दिल्ली उच्च अदालतले फिल्मको टिजर हटाउन आदेश दिएको छ। अदालतले फिल्मका निर्माता अमित जानीको जनाउँदै सामाजिक सञ्जालबाट टिजरसहित सम्बन्धित सामग्री हटाउन निर्देशन दिएको हो। यो फिल्म सन् १९९८ को कालो हरिण शिकार प्रकरणबाट प्रेरित भएको बताइएको छ।

**आजको विचार...**



बीपी...

*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे



अभिनेत्री प्रियंका कार्कीको मुख्य भूमिका रहेको फिल्म "मास्टर्नी" को टिजर सार्वजनिक भएको छ। निर्माण पक्षले आइतबार ओएसआर डिजिटलको युट्युबमार्फत टिजर दर्शकमाझ ल्याएको हो। १ मिनेट १२ सेकेन्ड अवधिको टिजरले मुख्य पात्रहरु र कथावस्तुबारे संक्षिप्तमा जानकारी दिएको छ। टिजरमा फिल्मको रहस्यमयी कथा र पात्रहरुको परिस्थिति देख्न सकिन्छ। एउटा अप्रत्याशित घटना त... अपराधपछि उत्पन्न परिस्थिति र त्यसले पात्रहरुको जीवनमा पारेको प्रभावलाई देखाइएको छ।

❒ वर्ष ३२ ❒ अंक १२ ❒ २०८३ साउन १२ गते मंगलबार 28 July 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### 'कक्रोच' आन्दोलनमा पक्राउ परेकालाई रिहा गर्न माग

**नयाँ दिल्ली,** साउन ११/ भारतको युवा नेतृत्वको 'कक्रोच' आन्दोलनले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामासँगै देशभर भएका प्रदर्शनका क्रममा पक्राउ परेका सबै प्रदर्शनकारीलाई रिहा गर्न सोमबार माग गरेको छ । परीक्षामा प्रश्नपत्र चुहावट तथा अन्य अनियमितताविरुद्ध प्रदर्शन गर्दै आएको अनलाइन समूह 'कक्रोच जनता पार्टी' (सीजेपी)ले असाम, पश्चिम बङ्गाल, बिहारलगायत राज्यमा विद्यार्थीलाई हिरासतमा राखिएको जानकारी प्राप्त भएको जनाएको छ । "पक्राउ परेकालाई रिहा नगर्नु वा उनीहरूमाथि लगाइएका आपराधिक मुद्दा फिर्ता नलिनु जनविश्वासको उल्लैन हुनेछ," समूहले विज्ञप्तिमार्फत जनाएको छ । उसले आफ्ना माग पूरा नभए थप आवश्यक कदम चाल्ने चेतावनी दिएको छ । प्रतिस्पर्धात्मक परीक्षामा प्रश्नपत्र चुहावट र अन्य अनियमितता दोहोरिएको भन्दै विद्यार्थी तथा युवामा असन्तुष्टि बढिरहेका बेला शिक्षा मन्त्री प्रधानले राजीनामा दिएको दुई दिनपछि आन्दोलनकारी समूहको उक्त माग आएको हो । प्रदर्शनकारीमाथि दण्डात्मक कारबाही नगर्ने आश्वासन अधिकारीले दिए पनि सरकारले आफ्नो प्रतिबद्धता पूरा नगरेको सीजेपीको आरोप छ ।-रासस

# संरक्षण नहुँदा गिद्ध सङ्कटमा

***यदी गिद्ध नहुने हो भने सिनो लामो समयसम्म सड्ने, दुर्गन्ध फैलिने तथा विभिन्न रोगका जीवाणु फैलिने जोखिम बढ्छ । यसले मानिस र पशु दुवैको स्वास्थ्यमा प्रत्यक्ष असर पार्न सक्छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ११/ पाल्पासहित पहाडी जिल्लामा प्रकृतिको कुचीकारका रूपमा रहेका गिद्ध संरक्षण नहुँदा संकटमा परेका छन् । बासस्थानको समस्या, जलवायु परिवर्तन, औषधिको प्रयोग र आहाराको अभावले गिद्ध संकटमा परेका हुन् ।

कुनै समय यहाँको आकाशमा सहजै देखिने गिद्ध आजभोलि देख्न पाइँदैन । विशेष गरी यहाँका बतासेडाँडा, श्रीनगरडाँडा सहित वन क्षेत्र र खुला मैदानमा मृत जनावरमाथि झुन्डिएर देखिने गिद्ध अहिले देख्न मुस्किल पर्छ । गिद्ध प्रकृतिको एक अभिन्न अंग रहे पनि त्यसको संरक्षणमा कसैले पनि चासो नदिदा लोप उन्मुख अवस्थामा पुगेको पाइन्छ । गिद्ध संरक्षणका लागि कुनै पहल नभएको र यसका लागि सरकारी र स्थानीय तवरबाट पहल हुनसके लोप हुँदै गएका गिद्धको संरक्षण हुने तानसेनका विष्णु अधिकारी को भनाइ छ । उनले भने,



"गिद्धले मरेको सिनो खाएर प्रकृति सफा राख्ने भएकाले मानव स्वास्थ्यका दृष्टिकोणले पनि यसको संरक्षण जरुरी छ, यसका लागि गिद्धको संरक्षण आवश्यक छ ।" गिद्ध संरक्षण गर्न वन कार्यालयले सिमलको रुख कटानीमा रोक लगाई नयाँ वृक्षारोपणको अभियानमा सिमललाई प्राथमिकता दिनुपर्नेमा अधिकारीको जोड छ ।

गिद्धले मरेका जनावरको सिनो छिट्टै खाएर वातावरण सफा राख्ने काम गर्छ । यदि गिद्ध नहुने हो भने सिनो लामो समयसम्म सड्ने, दुर्गन्ध फैलिने तथा विभिन्न रोगका जीवाणु फैलिने जोखिम बढ्छ । यसले मानिस र पशु दुवैको स्वास्थ्यमा प्रत्यक्ष असर पार्न सक्छ । विशेषज्ञहरूका अनुसार गिद्धको संख्या घट्नुको प्रमुख कारण पशु उपचारमा प्रयोग गरिएको डाइक्लोफेनाक नामक औषधि हो । यो औषधि प्रयोग गरिएका गाई-भैंसी वा अन्य चौपाया मरेपछि त्यसको मासु खाने गिद्धको मिर्गौलाले काम गर्न छोड्छ र केही दिनमै गिद्ध मर्ने गर्छ । यसका अतिरिक्त वन विनाश, खाद्यान्नको अभाव, विषादीको प्रयोग, विद्युत् तारमा ठोक्किने दुर्घटना तथा बासस्थानको विनाशले पनि गिद्धको अस्तित्व संकटमा परेको छ ।

जिल्लामा गिद्ध लोप हुँदै जान थालेपछि वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूले संरक्षणका लागि विद्यालयस्तरमा सचेतना अभियान भने चलाउन थालेका छन् । अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहयोगमा यहाँका विद्यालयहरुमा गिद्ध वासस्थान संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको हो । समूहले केही महिना अघि तानसेनको दमकडा माविका विद्यार्थीहरुलाई गिद्ध संरक्षका बारेमा जानकारी गराएको छ । लोपोन्मुख गिद्ध संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले विद्यालयस्तरका विद्यार्थीहरूमा सचेतना फैलाउने अभियान सञ्चालन गरिएको समुहका अध्यक्ष लोकनाथ घिमिरेले बताए । उनले भने"गिद्ध संरक्षण एक जनाले मात्र गरेर हुँदैन समुदायस्तरको पनि उतिकै भूमिका रहन्छ । विद्यार्थीमार्फत समुदायमा सचेतना जगाउन हामीले पहिलो चरणमा विद्यालस्तरमा सचेतना कार्यक्रम गरिरहेका छौं ।" उनले गिद्ध बस्ने तथा गुँड लगाउने सिमलका रुख मासिँदै गएपछि गिद्धको वासस्थानमा ह्रास आएकाले त्यस्ता रुखहरुको संरक्षण गर्न सके गिद्धको संरक्षण गर्न सकिन्छ भन्ने ज्ञान विद्यार्थीहरुमा पुऱ्याउन सके समुदायमा छिट्टै पुग्न सक्ने आफुहरुले विश्वास लिएको बताए ।

## अवैध लागूऔषध सहित तीन जना पक्राउ



**पाल्पा,** साउन ११/ दाङमा अवैध लागूऔषध सहित तीन जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षाका अनुसार घोराही उपमहानगरपालिका-१५ न्युरोडबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय २० मिलिग्राम र नगद १६ हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-४ बस्ने २८ को सुदिप चौधरी र सोही उपमहानगरपालिका-१३ बस्ने २० वर्षीया देवीका श्रेष्ठ रहेका छन् । वडा प्रहरी कार्यालय घोराहीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

साथै थप अनुसन्धानको क्रममा उक्त लागूऔषध सोही उपमहानगरपालिका-१८ ढोडेनी बस्ने ४० वर्षीय महेन्द्र चौधरीसँग खरिद गरेको भन्ने खुल्न आएपश्चात प्रहरीले महेन्द्रको घर तलासी गर्दा अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७ सय ७० मिलिग्राम, डिजिटल तराजु १ थान र नगद ५ लाख ६८ हजार १ सय ७० रूपैयाँ फेला पारी महेन्द्रलाई समेत पक्राउ गरेको छ । घटनाको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आज विश्व हेपाटाइटिस दिवस मनाइँदै

**पाल्पा,** साउन ११/ आज विश्व हेपाटाइटिस दिवस विभिन्न चेतनामुलक कार्यक्रम गरी नेपालसहित विश्वभर नै मनाइँदैछ । हरेक वर्षको जुलाई २८ तारिखमा मनाइने हेपाटाइटिसविरुद्धको दिवस विभिन्न स्वास्थ्य संस्थाहरु र चिकित्सकले जनचेतनामूलक कार्यक्रम र अन्तर्क्रिया आयोजना गरी मनाइँदै छन् ।

हेपाटाइटिस भाइरसका कारण हुने कलेजोसम्बन्धी रोग हो । विशेषगरी हेपाटाइटिस बी र सी दीर्घकालीन संक्रमणका प्रमुख कारण मानिन्छन् । समयमै परीक्षण र उपचार नपाउँदा कलेजो सिरोसिस तथा कलेजोको क्यान्सरसम्म हुन सक्ने भएकाले यस रोगप्रति सचेत रहन चिकित्सकहरूले आग्रह गरेका छन् । स्वास्थ्य निकायका अनुसार हेपाटाइटिस बी विरुद्धको खोप प्रभावकारी भएकाले बालबालिकालाई




नियमित खोप लगाउनुका साथै जोखिममा रहेका व्यक्तिले परीक्षण गराउनु आवश्यक छ । हेपाटाइटिस सीको पनि प्रभावकारी उपचार उपलब्ध भएकाले समयमै पहिचान भएमा पूर्ण रूपमा निको पार्न सकिने बताइएको छ । नेपालमा हुने भाइरल हेपाटाइटिसमा चार प्रमुख छन् । यसमा हेपाटाइटिस 'ए', हेपाटाइटिस 'इ', हेपाटाइटिस 'बी' र हेपाटाइटिस 'सी' रहेका छन् । हेपाटाइटिस रोग कलेजोमा सुजन वा सुन्निनु हो जुन विभिन्न प्रकारका सङ्क्रामक भाइरस र गैरसङ्क्रामक कारणले स्वास्थ्यमा समस्या निम्त्याउने गर्छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## हेपाटाइटिस दिवसको सन्दर्भ

हरेक वर्ष जुलाई २८ लाई संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वभर हेपाटाइटिस दिवसको रुपमा मनाउने गरिन्छ । आज हेपाटाइटिस बीको जीवाणु पत्ता लगाएका डा.बराक स्यामुयल ब्लुम्बर्गको जन्मदिन पनि हो । यही अवसर पारेर हरेक वर्ष जुलाई २८ लाई विश्व हेपाटाइटिस दिवसका रूपमा मनाउने गरिन्छ । यस दिवसको उद्देश्य हेपाटाइटिसका विभिन्न प्रकार, त्यसबाट हुने स्वास्थ्य जोखिम, समयमै परीक्षणको आवश्यकता तथा रोकथाम र उपचारबारे जनचेतना फैलाउनु हो । विश्व स्वास्थ्य संगठनका अनुसार हेपाटाइटिसका कारण हरेक वर्ष लाखौँ मानिसले ज्यान गुमाइरहेका छन् । तर विडम्बना, धेरै संक्रमित व्यक्तिलाई आफू संक्रमित भएको जानकारीसमेत हुँदैन । हेपाटाइटिस भनेको कलेजो (लिभर) मा हुने सूजन हो । यो मुख्यतः भाइरसका कारण हुन्छ । हेपाटाइटिस ए, बी, सी, डी र ई गरी पाँच प्रमुख प्रकार छन् । यीमध्ये हेपाटाइटिस बी र सी दीर्घकालीन संक्रमणका प्रमुख कारण हुन्, जसले कलेजोको सिरोसिस र कलेजोको क्यान्सरसम्म निम्त्याउन सक्छ । समयमै परीक्षण र उपचार गर्न सके यस्ता गम्भीर अवस्थाबाट जोगिन सकिन्छ ।

कलेजो सुन्निनुलाई हेपाटाइटिस भनिन्छ । यो अवस्था आफै सीमित भएर जान पनि सक्छ । कतिपय अवस्थामा बढ्दै गएर कलेजोमा दाग लाग्ने, सिरोसिस हुने वा कलेजोको क्यान्सरमा समेत परिणत हुन सक्छ । हेपाटाइटिस गराउने मुख्य कारण हेपाटाइटिस भाइरसहरु हुन् । यो अन्य मौसमभन्दा वर्षातको समयमा बढी देखापर्छ । यसको बेलैमा उपचार भएन भने लिभर क्यान्सर तथा सिरोसिस अफ लिभर हुने सम्भावना हुन्छ । यसलाई एड्सभन्दा पनि खतरनाक मानिन्छ । हेपाटाइटिसविरुद्धको सबैभन्दा प्रभावकारी उपाय भनेको रोकथाम हो । हेपाटाइटिस बी विरुद्ध सुरक्षित र प्रभावकारी खोप उपलब्ध भएकाले सबै बालबालिका तथा जोखिममा रहेका व्यक्तिले खोप लगाउनुपर्छ । साथै, व्यक्तिगत सरसफाइ, सुरक्षित खानपान, संक्रमणको जोखिम भएका व्यवहारबाट बच्ने र आवश्यक परे नियमित स्वास्थ्य परीक्षण गराउने बानीले पनि रोगको जोखिम कम गर्न मद्दत गर्छ । सरकार, स्वास्थ्य संस्था, सञ्चारमाध्यम, शैक्षिक संस्था र नागरिक समाजले संयुक्त रूपमा सचेतना अभियान सञ्चालन गर्न आवश्यक छ । हेपाटाइटिसबारे फैलिएका भ्रम हटाउँदै वैज्ञानिक जानकारी जनस्तरसम्म पुऱ्याउनु आजको आवश्यकता हो । रोग लुकाउने होइन, समयमै परीक्षण गराउने र आवश्यक उपचार सुरु गर्ने संस्कृतिको विकास हुनुपर्छ । विश्व हेपाटाइटिस दिवस केवल औपचारिक कार्यक्रम गर्ने दिन होइन। यो प्रत्येक नागरिकलाई आफ्नो स्वास्थ्यप्रति जिम्मेवार बन्न प्रेरित गर्ने अवसर हो ।

### Opinion @ Social Network

म कसैलाई उल्टो जवाफ दिन्न,
मेरो सिधा जवाफ नै सबैलाई उल्टो लाग्छ ।
*(नबिन कुँवरको फेसबुक स्टाटसबाट www.facebook.com/Nabin.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बीपी स्मृतिदिवसमा गाली र ताली किन ?



डा. गणेशप्रसाद घिमिरे

*पार्टीको संगठन र व्यवस्थामा नयाँपन ल्याउने उद्देश्यले स्थापित पार्टी आज आफ्नो आन्तरिक संघर्षमा रुमलिएको छ । नेपालको राजनीति २०४६ देखि नेपाली काग्रेसको वरिपरि नै रह्यो । नेपाली काग्रेसको अगुवाइमा नै नेपालको प्रजातन्त्रका लागि धेरै आन्दोलन भए । आन्दोलनमा सदा कांग्रेस नै केन्द्रमा रह्यो ।*

नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको ४४औं स्मृतिदिवस भव्यताका साथ मनाइयो । स्मृतिदिवस मनाउँदा खुशी, उल्लास र उमंगको वातावरण हुन्छ । उनले गरेका योगदानलाई सम्झिन्छ र वाचा गरिन्छ यही पथमा हामी जानेछौं । नेपालको राजनीतिमा राणालाई सत्ताच्युत गर्न र देशको सार्वभौम विकासका लागि स्थापना गरिएको पार्टीका नेता हुन् विश्वेश्वरप्रसाद कोइराला । उनले नेपाली राजनीतिमा नयाँ आयाम र देशविकासका लागि मार्गचित्र कोरेका थिए । तत्कालीन राजा महेन्द्रले उनलाई सत्तामा टिकिरहन दिएनन् । कोइराला विकास र जनप्रिय भएकाले उनलाई सत्ताच्युत नगरेसम्म देशमा आफ्नो केही नचल्ने हुनाले उनलाई सत्ताच्युत गरेका हुन् तत्कालीन राजा महेन्द्रले तर सत्ताबाट जानु परे पनि उनले देशको हित, प्रजातन्त्र प्राप्ति र रक्षाका लागि खोलिएको पार्टी आज नेपाली कांग्रेस नेपालको राजनीतिमा अपरिहार्य बनेको पार्टी हो । पार्टीको संगठन र व्यवस्थामा नयाँपन ल्याउने उद्देश्यले स्थापित पार्टी आज आफ्नो आन्तरिक संघर्षमा रुमलिएको छ । नेपालको राजनीति २०४६ देखि नेपाली कांग्रेसको वरिपरि नै रह्यो । नेपाली कांग्रेसको अगुवाइमा नै नेपालको प्रजातन्त्रका लागि धेरै आन्दोलन भए । आन्दोलनमा सदा कांग्रेस नै केन्द्रमा रह्यो । नेपालमा खोलिएका विभिन्न पार्टी नेपाली कांग्रेसले अगुवाइ गरेको आन्दोलनमा सहभागी भए तर मुख्य केन्द्र भने नेपाली कांग्रेस नै रह्यो । आज तिनै बी.पी.ले खोलेको पार्टीमा भाँडभैलो मच्चिएको छ । उनको स्मृतिदिवसलाई पनि दुई ठाउँमा मनाइयो । विसं.२०८२ साल पुस महिनामा भएको विशेष महाधिवेशनले गगनकुमार थापालाई सर्वसम्मत पार्टीको सभापति चयन गऱ्यो । सभापति भए यता उनले आफूले सम्मान गर्नुपर्ने नेताबाट दिनकै हप्की खाएका छन् । उनी पार्टीमा शुद्धीकरण र पार्टीलाई प्रविधिमा जोड्ने अभिलाषामा लागेका छन् । उनको केन्द्रीय समितिले उनलाई सहयोग गरेको छ तर उनलाई सभापति पनि नमान्ने, उनको नेतृत्व स्वीकार नगर्ने, आफू नै पार्टीको आधिकारिक भएको घोषणा गर्ने जमातको कमी पनि छैन । त्यो जमात कांग्रेसको हितभन्दा पनि आफ्नो हितमा रुमलिएको देखियो । त्यसैले बीपीलाई एक ठाउँमा होइन दुई ठाउँमा विभाजन गरियो । उनलाई सम्झँदा जे जस्ता अभिव्यक्ति आए तिनको जवाफ पनि आइसकेको छ ।

**गाली, गाली र गाली**

नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहलमा आफूलाई कांग्रेस मान्ने तर नेपालका संवैधानिक निकायले अस्वीकार गरेका पूर्णबहादुर खड्काको अध्यक्षतामा बीपीको सम्झना गरियो । बीपीले दिएको योगदान र उनले प्रजातन्त्रका लागि गरेको बलिदानका बारेमा उक्त सभामा कुनै किसिमको चर्चा भएन । उनले नेपालको राजनीतिमा दिएको योगदानलाई सम्झिएन । उनले नेपालको राजनीतिमा बनाएको बाटोमा हिँड्ने प्रतिबद्धता पनि आएन । उनीबाट नेपालको शासकीय व्यवस्थाका लागि गरिएका सुधारका कुरा पनि आएनन् । जतिले बोले आफूभित्रको भडासलाई उतारे आफ्नाले सुन्ने गरी । सामाजिक सञ्जालमा उनीहरूले बोलेका कुराको प्रतिक्रिया कतै पनि राम्रो र असल काम गऱ्यौ भन्ने पाइएन । हामी क्रियाशील सदस्य अद्यावधिक गर्दैनौं । हामी नै असली कांग्रेस हौं । हामीले सिञ्चन गरेको पार्टीलाई कसैले पनि अपहरण गर्न सक्दैन । हामी कसैको शरणमा जाँदैनौं । हामीलाई ढोग्न आए वा हामीले दिएका शर्तनामालाई पूर्णरूपमा स्वीकार गरे मात्र हामी एकताको पक्षमा छौं । केही नेताले त कतिसम्म भन्न भ्याए भने वर्तमान सभापतिलाई लत्याएर हामी अर्को पार्टी खोलेर अघि बढ्न आवश्यक छ भने । हामी कसैका दास पनि होइनौं । हामी त बीपी कोइरालाले खोलेको पार्टीका पहिचान हौं । हामीसित स्वयं बीपीका छोरा, २०४६ सालका सर्वोच्च कमाण्डर गणेशमान पुत्र, महामन्त्रीका पुत्र विमलेन्द्र निधि, आफूलाई कांग्रेसको वरिष्ट नेता मान्ने शेखर कोइराला हुनुहुन्छ । साथै तत्कालीन सभापति शेरबहादुर देउवाले कार्यबाहक सभापति तोकेका पूर्णबहादुर खड्कासमेत हामीसित हुनुहुन्छ, त्यसैले हामी नै आधिकारिक हौं । उक्त कार्यक्रममा वरिष्ठ तथा आफूलाई कांग्रेसको हकदार मान्ने सबै भेला भएको देखिन्थ्यो । भेलामा बोलेका सबैको एउटामात्र अभिव्यक्ति थियो विशेष महाधिवेशन धोका, गलत र विधानसम्मत छैन । यति बिघ्न गालीको वर्षा सहे वर्तमान सभापतिले उक्त कार्यक्रमले दिएको अभिव्यक्तिमा । नेपाली कांग्रेस प्रजातन्त्र, लोकतन्त्रमा विश्वास गर्ने पार्टी हो । उसका हरेक कदम लोकतन्त्रको सम्बर्धन र लोकतन्त्रको वकालतका लागि आवश्यक थिए र छन् । उक्त कार्यक्रममा भने यस्तो कुनै अवस्था पनि देखिएन । देखियो गाली, सुनियो गाली र आजसम्मका भडास गालीका माध्यमबाट नै बाहिरिए । धन्य वरिष्ट नेताज्यूहरू ! नेपाली कांग्रेस कानुनसम्मत तरिकाले देश चलोस् भन्ने चाहन्छ । नेपाली कांग्रेस विधानसम्मत तरिकाले चल्ले पार्टी पनि हो । विधानलाई लत्याएर हिँड्ने पार्टी होइन । नेपालका हरेक संवैधानिक निकायमा नेपाली कांग्रेसले विश्वास गर्दछ । कानुनी राज्यको अवधारणामा आफूलाई राखेको पार्टी हो । उक्त सभाको भव्य उद्घाटन भयो । कसैले त यहाँसम्म भने २०६२ साल भदौ २४ गते तत्कालीन पार्टी सभापतिको घर जलाउन र लुटपाट गर्न वर्तमान सभापतिका मानिस गएका थिए । कस्तो विचार । कति उच्च सोच । कति तार्किक अभिव्यक्ति । यस्ता अभिव्यक्तिले दिने ताली र यस्ता भाषणले पार्ने प्रभावका बारेमा किन कसैले नसोचेको होला ? जसको आफ्नै घर जलेको छ । उसैले तत्कालीन सभापतिको घर जलाउन मान्छे पठायो भन्नु यसभन्दा हाँस्यास्पद अभिव्यक्ति के हुन सक्ला । उक्त कार्यक्रमले बीपीलाई सम्झेन । उनलाई आधार बनाएर गालीको वर्षा गऱ्यो । पार्टी कार्यकर्ताको विश्वासले चल्ने हो । सत्ता जनताको विश्वासमा प्राप्त हुने हो । विसं २०७९ सालमा काठमाडौंको नगरप्रमुखमा निर्वाचन लडेका बालेन्द्र साह (बालेन)के प्रधानमन्त्री हुन्छु भनेर सोचेका थिए र ? तर नेपाली जनताले उनलाई विश्वास गरे गएको निर्वाचनमा । यहाँ नेपाली जनता दोषी हुन् र ? नेपाली कांग्रेसलाई नयाँ ढाँचामा लैजाने प्रयास विशेष महाधिवेशनले गरेको हो । त्यसैले गाली, गाली र गाली नै विवाद समाधानको उपाय हो भन्ने अवस्था भने होइन ।

**ताली, ताली र ताली**

नेपाली कांग्रेसले बीपी कोइरालाको स्मृतिदिवसको अवसर पारेर २०८३ साल साउन ५ गते जलवायु जनचेतना जगाउने उद्देश्यसहित पाँच किलोमिटरको ग्रीन रन यात्रा गऱ्यो । यस यात्रामा कति सहभागी भए भन्ने जानकारी पार्टीले राखेको होला ? यात्रा युएन पार्कबाट आरम्भ भएर जाउलाखेलमा समापन भएको थियो । साउन ७ गते उक्त पार्टीले बीपी कोइरालाको ४४औं स्मृतिदिवसका उपलक्ष्यमा राष्ट्रिय सभागृहमा कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा पार्टीका सभापति, उपसभापति, नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्दम्बे आदिले कोइरालाले नेपालको प्रजातन्त्रका लागि दिएको योगदान बारे चर्चा गरे । उनीहरू शालीन तरिकाले प्रस्तुत भए । कसैलाई गाली गरेनन् । आफ्ना अभिव्यक्ति स्पष्ट रूपमा राखे । सभापति थापाले त प्रतिपक्षमा बसेर पनि वर्तमान प्रधानमन्त्रीले देशको विकास तथा जनताको हितका लागि गर्ने हरेक कार्यमा नेपाली कांग्रेसको सहयोग रहने प्रतिबद्धता जाहेर गरे । लोकतन्त्र मास्ने तरिकाले शासन चलाउने र प्रधानमन्त्री तानाशाह हुने हो भने नेपाली कांग्रेस कहिले पनि सहयोगी बनेर रहन सक्दैन भने । नेपाली कांग्रेसले लोकतन्त्रसित कुनै पनि कुरामा सम्झौता गर्दैन भने । यति शालीन तरिकाले प्रस्तुत भएका सभापतिले आफ्ना अग्रजलाई सम्मानजनक सम्बोधन गरे । व्यक्ति कर्मले असल हुने हो । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा पार्टीको हितका साथै देशको हित चाहने व्यक्ति हुन् । उनी मिठो बोल्छन् । तर्कसंगत तरिकाले आफ्ना कुरालाई स्पष्ट रूपमा राख्छन् । नेपाली कांग्रेसलाई निर्वाचनमुखी होइन जनमुखी बनाउन आग्रह गर्दछन् । समाजमा देखापरेका अनिश्चितता र तिनले निम्त्याएका जटिलतालाई चिरेर स्वस्थ र सुन्दर समाज नेपाली कांग्रेसले दिनसक्छ भन्ने विश्वासमा आफूलाई उभ्याउँछन् । नेपाली कांग्रेसको विधानले दिएको अधिकारमा टेकेर आफूले पार्टीलाई गति दिने कुरालाई दृढताका साथ राख्छन् । उनी र उनले नेतृत्व गरेका कांग्रेस नै आधिकारिक कांग्रेस हो । आधिकारिक कांग्रेसका सभापति तर्कसंगत रूपमा प्रस्तुत हुन जानेका छन् । उनले जे बोले सत्य बोले । पार्टी निर्वाचनमा आफूलाई केन्द्रित गरेर होइन जनचाहना अनुसार हिँड्नुपर्दछ भन्ने आफ्नो धारणा सार्वजनिक गरे । उनको अभिव्यक्तिमा सुकुम्बासीले भोगेको पीडा थियो । उनको बोलीमा आत्मदाह गर्ने गणेश नेपालीप्रति सद्भाव थियो । उनले अभिव्यक्त गरेको भाषणमा देशलाई गतिदिने वाचा थियो । नेपालको विकासलाई अघि बढाउने अठोट थियो । सत्ताका लागि हदैसम्मको सम्झौता थिएन । सत्ता प्राप्तिका लागि गरिने राजनीति थिएन । सत्तामा बसेर आफूलाई केन्द्र मान्ने प्रवृत्ति पनि थिएन । यो नेपाली कांग्रेसका सभापतिका लागि गरिएको कीर्तन होइन । सत्य हो । यथार्थ हो । व्यक्तिले देखाएको सक्रियताप्रतिको अभार पनि हो । उनका अभिव्यक्तिमा तालीमात्र थियो । होच्याउने, गिज्याउने र मपाईं कदापि थिएन । संसारमा सबैभन्दा ठूलो राजनीतिक दल भारतीय जनता पार्टीले ४७ वर्षका नीतिन नवीनलाई राष्ट्रिय अध्यक्ष बनायो । पूर्वराष्ट्रिय अध्यक्षहरू राजनाथ सिंह, अमित शाह, नितिन गड्करी, जेपी नड्डा आदिले उनकै निर्देशन मानेका छन् । देशमा तेस्रोपटक प्रधानमन्त्री भएका नरेन्द्र मोदी नीतिन नवीनको कार्यकर्ता हुन पाएकोमा आफू गौरवान्वित भएको खुशी व्यक्त गर्दछन् । विशेष महाधिवेशनले चुनेको, निर्वाचन आयोग र सर्वोच्च अदालतले वैधानिक मानेको गगनकुमार थापालाई सभापति नमान्नुका आधार के होलान् ? बीपी कोइराला गालीका होइनन् तालीका अधिकारी हुन् । उनको स्मृति दिवसमा गरिएको यो भद्दा मजाकबाहेक केही हुनसक्दैन । मजाक नगरौं । सकिन्छ कांग्रेसमा अटाऔं सक्दिैन ढिलो नगरी नयाँ पार्टी गठन गरे भयो नि होइन र वरिष्ठज्यूहरू हो ?

*-इहिमालयन डटकम*

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : आर्थिक लेनदेनमा सचेत रहनुपर्ने छ। प्रेम जीवन आनन्दमय रहनेछ। | **तुला** : आध्यात्मिक झुकाव बढ्नेछ। मन शान्त र सकारात्मक रहनेछ। |
| **वृष** : साझेदारी कामबाट लाभ मिल्नेछ। प्रेम सम्बन्धमा मधुरता बढ्नेछ। | **वृश्चिक** : नयाँ काम पाइने योग रहेको छ। बोलिले प्रभावित पार्न सक्नुहुनेछ। |
| **मिथुन** : गोप्य योजनामा सफलता मिल्नेछ। अनावश्यक विवादबाट टाढा रहनुहोस्। | **धनु** : दाम्पत्य जीवन रमाइलो रहनेछ। पराक्रमद्वारा अधिकार स्थापित गर्न सक्नुहुनेछ। |
| **कर्कट** : नयाँ अवसर प्राप्त हुने योग छ। आत्मविश्वास बढ्ने दिन हो। | **मकर** : व्यक्तित्वले सबैको ध्यान खिच्नेछ। नेतृत्वदायी निर्णयले प्रतिष्ठा बढाउनेछ। |
| **सिंह** : कामको जिम्मेवारी बढ्न सक्छ। परिश्रमको राम्रो फल मिल्नेछ। | **कुम्भ** : समस्याको जरो पत्ता लगाउनेछ। कार्यशैली सुधारले राम्रो नतिजा मिल्नेछ। |
| **कन्या** : नयाँ सोचले फाइदा दिनेछ। साथीहरूको साथले काम सजिलो हुनेछ। | **मीन** : आर्थिक स्पष्टता आउन थाल्नेछ। अवसरलाई समयमा समात्न सकिनेछ। |

# प्रधानाध्यापक संघ लुम्बिनी प्रदेशको १२ बुँदे घोषणा पत्र जारी




**बुटवल,** साउन ११/प्रधानाध्यापक संघ नेपाल (पान) लुम्बिनी प्रदेशले १२ बुँदे घोषणा पत्र जारी गरेको छ । संघले बुटवलमा भएको तेस्रो साधारण सभा तथा प्रशिक्षण कार्यक्रममार्फत १२ बुँदे घोषणा पत्र जारी गरेको हो । सबै जिल्ला र स्थानीय तहमा संस्थाको विस्तार र सञ्जाल निर्माण गर्ने भेलाले निर्णय गरेको छ ।

आर्थिक पारदर्शिता बनाउनका लागि बैंक मार्फत कारोबार गर्ने, संथाका गतिविधिलाई प्रविधिमैत्री बनाउने, संघमा आवद्ध सदस्यहरूलाई डिजिटल सम्बन्धी क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने घोषणा पत्रमा उल्लेख रहेको अध्यक्ष हरिप्रसाद घिमिरेले बताए । प्रधानाध्यापकको माग अनुसार नियमित पेशागत विकास कार्यक्रम र भावी शैक्षिक नेतृत्वका लागि व्यक्तिको नेतृत्व गर्ने सीपका कार्यक्रम सञ्चालन गर्ने बताइएको छ । तीनै तहका सरकार र गैरसरकारी संस्था र विश्व विद्यालयसँग समन्वय र सहकार्य गर्ने, एकीकृत पाठ्यक्रम र निरन्तर मुल्यांकनलाई प्रभावकारी कार्यान्वय गर्दै सिकालाई जीवनपयोगी र व्यवहारिक बनाउन प्रधानाध्यापकको नेतृत्व सुदृढीकरण गर्ने घोषणा पत्रमा उल्लेख छ । यस्तै विद्यालय, समाज र राष्ट्रमा सकारात्मक सोंच, असल चरित्र, उत्तरदायित्व र अनुशासनको सकारात्मक बुझाई विकास गर्न सचेतना अभियान सञ्चालन गरिने, उत्कृष्ट शिक्षण, विद्यालय व्यवस्थापन, सिकाइ उपलब्धिमा उल्लेखनिय योगदान गर्ने विद्यालय, विद्यार्थी तथा प्रधानाध्यापकलाई सम्मान तथा पुरस्कृत गरिने छ । प्रधानाध्यापक संघ नेपाललाई अनुसन्धानमुखी, पेशागत संस्थाका रुपमा विकास गर्न सम्पूर्ण सदस्य प्रतिबद्ध रहेको घोषणा पत्रमा उल्लेख गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय समिति सदस्य मधुसुधन पोखरेलले नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, समावेशी तथा परिणाममुखी बनाउनुपर्ने बताए । कार्यक्रममा पान प्रदेश समितिलाई पुनर्गठन गरिएको छ । ज्ञानोदय मावि बुटवलका प्रधानाध्यापक टिकाराम शर्मा पौडेललाई पान रुपन्देहीको अध्यक्षमा मनोनित गरिएको छ । नहरपुर माध्यामिक विद्यालयका प्रधानाध्यापक धनिश्वर गौतमलाई सल्लाहकार र बुटवल माध्यमिक विद्यालयका प्रधानाध्यापक होमबहादुर रायमाझीलाई प्रदेश सदस्यमा चयन गरिएको पान प्रदेश अध्यक्ष घिमरेले बताए । सभामा उपाध्यक्ष कुलराज पौडेलले शैक्षिक प्रतिवेदन र अध्यक्ष हरिप्रसाद घिमिरेले पानको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष सिर्जना पण्डितले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सभामा ११ जिल्लाका कार्य समितिका ३० जनाको सहभागी रहेको थियो । कार्यक्रममा बर्दियाका अध्यक्ष कुमार प्रसाद साकोटाले शिक्षामा ए आईको प्रयोगबारे प्रशिक्षण दिएका थिए । संघका महासचिव होमराज खड्काको सञ्चालनमा कार्यक्रम भएको थियो ।*-मिलन विश्वकर्माबाट*

## खेलकुद समाचार

### ५९ वर्षको उमेरमा गोल गर्ने 'किङ काजु'



**काठमाडौं,** साउन ११/पोर्चुगलका क्रिस्टियानो रोनाल्डो ४१ वर्षका भए, धेरैले अब उनी व्यावसायिक फुटबलबाट टाढिने अनुमान गर्छन् । अर्जेन्टिनाका ३९ वर्षीय लियोनल मेसीले सन्न्यास लिने चर्चा छ । केप भर्डेका ४० वर्षीय भोजिन्हा चिलीको शीर्ष डिभिजन क्लबमा आबद्ध हुँदा अचम्म मान्नेहरू कम छैनन् । तर उनीहरूभन्दा झन्डै २० वर्ष जेठा काजुयोशी मिउराले जापानको तेस्रो डिभिजनमा गोल गरेका छन् । विश्वका सबैभन्दा पाका व्यावसायिक फुटबल खेलाडी मिउराले ५९ वर्षको उमेरमा शनिवार गोल गरेका हुन् ।

जापानका पूर्व राष्ट्रिय खेलाडी मिउरा 'फुकुशिमा यूनाइटेड' बाट खेल्दै आएका छन् । फुकुशिमा युनाइटेडले 'एम्पेरर्स कप' अन्तर्गत भएको खेलमा 'इवाकी फुरुकावा' लाई ७-० ले हराउँदा मिउराले ५२औँ मिनेटमा गोल गरे । जापानमा 'किङ काजु' उपनामले चिनिने मिउरा देशका सर्वाधिक मन पराइएका खेलाडीहरूमध्ये एक हुन् । उनी आफ्नो टोलीबाट अग्रपङ्क्तिबाट खेल्छन् । जापानका लागि ८९ खेलमा ५५ गोल गरेका मिउराले ६० वर्षको उमेरपछिसम्म पनि फुटबल खेलिरहने चाहना व्यक्त गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से ३३ अंकले घट्यो



**पाल्पा,** साउन ११/ सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार ३३ दशमलव २८ अंकले घटेको छ । अघिल्ला दुई कारोबार दिन लगातार बढेको नेप्सेमा सोमबार उच्च अंकको गिरावट आएको हो । नेप्से घटेसँगै २ हजार ७ सय १ दशमलव ३२ विन्दुमा अडिएको छ ।

गत शुक्रबारको तुलनामा १ दशमलव २१ प्रतिशतले घट्दा समग्र नेप्से २ हजार ७ सय १ दशमलव ३२ अंकमा ओर्लेको हो । सोमबार कारोबारमा आएकामध्ये ३६ कम्पनीको सेयर मूल्य बढ्यो भने २३४ कम्पनीको घट्यो भने ५ कम्पनीको मूल्य स्थिर रह्यो । कुल ६९ हजार ८ सय ३ पटकको कारोबारमा १ करोड ३९ लाख २५ हजार ३ सय ३७ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ६ अर्ब ८ करोड ८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार रकम अघिल्लो दिनको तुलनामा सामान्य घटेको हो । गत शुक्रबार ६ अर्ब २६ करोड ७२ लाख रुपैयाँको सेयर कारोबार भएको थियो । सोमबार कारोबारमा आएका १३ उपसमूहमध्ये बैकिङ र सामुहिक लगानी कोष बाहेक सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा उच्च अंकले घट्न दबाब पुगेको हो । कारोबार रकमका आधारमा रियालन्स स्पिनिङ्स मिल्स शीर्ष स्थानमा रह्यो। रियालन्स स्पिनिङ्स मिल्सले ३३ करोड बढीको सेयर कारोबार गर्यो । ग्लोबल आईएमई बैंकले २८ करोडको सेयर कारोबार गर्दा रिडी पावरले २२ करोड,कुमारी बैंकले १७ करोड र सेन्ट्रल फाइनान्सले १५ करोड मूल्य बराबरको सेयर कारोबार गरे।बैंकिङ र म्युअुल फण्डबाहेक अरु बाँकी समूहको उपसूचक नकारात्मक देखिएका छन् ।

# आज विश्व हेपाटाइटिस...

...हेपाटाइटिस बी र सीले दीर्घकालीन समस्या निम्त्याउँछ । कलेजो सिरोसिस, कलेजो क्यान्सर र भाइरल हेपाटाइटिसबाट मृत्युसम्मको कारण हेपाटाइटिस बी र सी रहेको छ । भाइरल हेपाटाइटिस साइलेन्ट किलर पनि भनिन्छ । हेपाटाइटिस बी र सीका अधिकांश बिरामीमा लक्षण देखिँदैन, लक्षण नदेखिँदा ढिला उपचार गराउने कारण क्यान्सर लाग्ने हुन्छ । हेपाटाइटिस बी र सी एउटा समूहमा राखिन्छ । रगत र रगतजन्य पदार्थबाट सर्ने यो प्रकारको हेपाटाइटिस शारिरीक सङ्क्रमणबाट समेत सर्दछ । सीको सङ्क्रमण धेरै लागुपदार्थ दुर्व्यसनीमा फस्नेमा देखिने गरेको छ ।

हेपाटाइटिस बी सङ्क्रमित आमाबाट बच्चामा सर्ने हुन्छ । परिवार र समुदायमा बढी देखिने गर्दछ । चिकित्सकका अनुसार भाइरल हेपाटाइटिस सङ्क्रमण मौन हुने गर्छ । हेपाटाइटिस ए र 'इ'भन्दा बी र सीको सङ्क्रमण घातक हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ)का अनुसार विश्वभर यी दुई प्रकारका हेपाटाइटिसबाट हरेक दिन झन्डै आठ हजार नयाँ सङ्क्रमित थपिन्छन् । यसबाट प्रत्येक वर्ष १० लाखभन्दा बढी हेपाटाइटिसका कारण मृत्यु हुने डब्लुएचओको अनुमान छ । विश्व स्वास्थ्य संगठनको विश्वव्यापी हेपाटाइटिस रणनीतिअनुसार सदस्य राष्ट्रमा सन् २०३० सम्म नयाँ हेपाटाइटिस सङ्क्रमण ९० प्रतिशत र मृत्युलाई ६५ प्रतिशतले घटाउने लक्ष्य छ ।


## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको पोखराथोक गाविस -४ हाल बगनासकाली गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. J.C.617232M का सुवेदार राम बहादुर थापाको श्रीमतीको नाम अभिलेख सिटरोलमा हुम कुमारी थापा र जन्म मिति सन् १९५८ जुन २६ (२०१५/०३/१२) र नेपाली नागरिकता प्रमाणपत्र न. ३९१०३६/५३ मा दमन्ती थापा भन्ने हुम कुमारी थापा हुन गएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लमडाँडाँ गाविस -३ हाल बगनासकाली गाउँपालिका -५ निवासी भारतिय भू.पू. सैनिक नं. J.C. 617115F का सुवेदार राम बहादुर थापा (ना.प्र.मा रामबहादुर गाहा) को श्रीमतीको नाम सिटरोल र पेन्सन पट्टामा वेल कुमारी थापा र जन्म मिति १९६३ अप्रिल ०२ (२०१९/१२/२०) र नेपाली नागरिकता प्रमाणपत्रमा वेल कुमारी गाहा,जन्म मिति २०१७/०१/०७ (सन् १९६०अप्रिल १९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बराङ्दी गाविस-५ हाल तानसेन नगरपालिका-५ निवासी भारतिय भू.पू. सैनिक नं.J.C. 607659H का सुवेदार खुम बहादुर थापा (ना.प्र.मा खुम बहादुर राना) को श्रीमतीको नाम सिटरोल र पेन्सन पट्टामा टिका कुमारी थापा र जन्म मिति सन् १९६७फेब्रअरी १० (२०२३/१०/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा टिका कुमारी राना,जन्म मिति २०२०/०१/१० (सन् १९६३अप्रिल २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको मस्याम गाविस-४ हाल तिनाउ गाउँपालिका-५ निवासी भारतिय भू.पू. सैनिक नं. 5344928X का TS NK हर्क बहादुर राना (ना.प्र.मा हर्ष बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सरा देवी र जन्म मिति सन् १९६४ जनवरी १० (२०२०/०९/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा सरा राना, जन्म मिति २०२१/१०/०२ (सन् १९६५ जनवरी १५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लमडाँडा गाविस -३ हाल बगनासकाली गाउँपालिका -५ निवासी भारतिय भू.पू. सैनिक नं. 5244692Y का नायक राम बहादुर थापा (ना.प्र.मा रामबहादुर बराल) को श्रीमतीको नाम सिटरोल र पेन्सन पट्टामा धन कुमारी र जन्म मिति सन् १९६८ अगष्ट २५ (२०२५/०५/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा धनी माया बराल,जन्म मिति २०२४/१०/०५ (सन् १९६८ जनवरी १९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लामडाँडा गाविस-३ हाल बगनासकाली गाउँपालिका -५ निवासी भारतिय भू.पू. सैनिक नं. 9418033P का हवलदार पूर्ण बहादुर थापा (ना.प्र.मा पूर्ण बहादुर गाहा) को श्रीमतीको नाम सिटरोल र पेन्सन पट्टामा पुनम कुमारी थापा र जन्म मिति सन् १९६७ अगष्ट १७ (२०२४/०५/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा पुनम कुमारी गाहा,जन्म मिति २०२४/०४/२४ (सन् १९६७ अगष्ट ८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज...............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई